कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

# खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड

का.म.न.पा. वडा न ०४, विशालनगर, काठमाण्डौ
फोन नं. : ०१-४५३६३२५ फ्याक्स नं. : ०१-४५३३६१०
Email: khanikhola.hpcl@gmail.com

को

## दशौं तथा एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०८/१० मा बसेको सञ्चालक समितिको छयासी औं बैठकले गरेको निर्णय अनुसार कम्पनीको दशौं तथा एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

**मिति : २०८० पौष ०४ गते, बुधबार (20 December 2023, Wednesday)**
**स्थान : धुम्र बाराह पार्टी प्यालेस, धुम्बराहि ।**
**समय : विहान ११:०० बजे देखि ।**

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) आ.व.२०७८/२०७९ तथा २०७९/०८० को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।

२) आ.व.२०७८/२०७९ तथा २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने बारे ।

३) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

**(ख) विशेष प्रस्तावहरु :**

१) हाल कायम चुक्ता पूंजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।

२) कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने बारे ।

३) नियमावलीको नियम ७ मा हकप्रद शेयर सम्बन्धी व्यवस्था थप गर्ने बारे ।

**ग) विविध ।**

**साधारण सभा सम्बन्धि सामान्य जानकारी**

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०८/२२ (तदनुसार २०२३/१२/०८) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरीने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८०/०८/२१ (तदनुसार २०२३/१२/०७) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरीएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्षभित्र प्रवेश गर्न पाइने छैन ।

३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलितकम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्राक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८०/०९/०२ गते विहान ११ बजे भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।

७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

८. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि (४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क राख्न हुन समेत अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोट : साधारण सभा सम्बन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाँटीमा समेत टाँस गरीने ब्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भई दिनु हुन पनि हार्दिक अनुरोध गर्दछु ।**